आ.व २०७७।०७८ का वठक न.९

आज मिति २०७८ साल बैशाख ३ गते आईतवार भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | नगर उप प्रमुख | |
| ३ | दिपक राना | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | खम्बजंग शाह | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा नं. ६ वडा अध्यक्ष | |
| ९ | बल बहादुर लोहार | वडा नं. ७ का.वा.वडा अध्यक्ष | |
| १० | गौरी कार्की | वडा नं. ८ का.वा. वडा अध्यक्ष | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा नं. १० वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा नं. ११ वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा नं. १२ वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा नं. १३ वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | चण्डीका चौलागाई | अधिकृत | |
| २८ | सुर्य प्रसाद लम्साल | सूचना अधिकारी | |
| २९ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |

Scanned with CamScanner

निर्णयहरू:

१. यस चालु आ.व.को राजश्व असुली सम्बन्धमा जानकारी भयो । लक्ष्य अनुरूप राजश्व असुलीका लागि संकलन कार्यलाई थप प्रभावकारी बनाउन देहाय बमोजिम गर्ने ।

क. नयाँ ब्यवसाय दर्ता गर्दा संघीय सरकारका कार्यालयहरू उध्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, आन्तरिक राजश्व कार्यालय एवं वाणिज्य तथा आपुर्ति कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय लगायतका सम्बन्धित कार्यालयहरूलाई नगरपालिकाको दर्ता तथा सिफारिसका आधारमा मात्र दर्ता गर्ने व्यवस्थाका लागि अनुरोध गर्ने ।

ख. नगरपालिकालाई प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर तथा राजश्व नतिर्ने व्यक्ति, फर्म तथा व्यवसायीहरूलाई वडा तथा नगरपालिकाबाट सेवा प्राप्तीका लागि आवश्यक पर्ने सिफारिसमा रोक लगाउन कार्यालयलाई निर्देशन दिने ।

२. शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त बजेटबाट संचालन हुने Labour intensive public work का लागि नगर समन्वय समितिको मिति २०७७।१२।१२ को निर्णय अनुमोदन गर्ने र उक्त निर्णयमा छुट भएका तर कार्यान्वयका लागि जरूरी भएका देहाय बमोजिमका योजनाहरू समावेश गर्न नगर समन्वय समितिलाई निर्देशन दिने ।

क. विध्यालयको पुरानो भवन मर्मत वडा नं. ३, डिँगा

ख. जनज्योति प्रा.वि. को फिल्ड निर्माण

ग. वडाऔल तथा यहुद तटबन्धन वडा नं. ६

घ. बाँसपानी सार्वजनिक प्रतिक्षालय निर्माण वडा नं. २

३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस आ. व. मा प्राप्त वजेट कार्यान्व्यनका लागि लाभग्राही छनौट गर्न सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७ बमोजिम वडास्तरमा सूचना प्रकाशन गर्ने ।

४. यस नगरपालिकाको बजार क्षेत्र वडा नं. ३ र ४ को सडक क्षेत्रमा जथाभावि रूपमा निर्माण सामग्री थुपार्ने, सडक अतिक्रमण गरी घुम्ती राखि व्यवसाय गर्ने, सडक क्षेत्रमै सामान राखि विक्रि गर्ने तथा जथाभावी सवारी साधन पार्किङ गर्ने कार्यलाई नियन्त्रण गरी सवारी आवागमन व्यवस्थित गर्न र फोहर व्यवस्थापनका लागि रू ७ लाख स्वीकृत विनियोजन ऐन, २०७७ को सेवा परामर्श तथा अन्य सेवा शुल्कबाट शिर्षकबाट खर्च लेख्ने गरी विनियोजन गर्ने ।

५. मालपोत कार्यालय जाजरकोटको अनुरोध बमोजिम कार्यालयको अभिलेख व्यवस्थापनको लागि रू १ लाख ४० हजार रूपैयाँ स्वीकृत विनियोजन ऐन, २०७७ को राजश्व बाँडफाँड अन्तर्गत परामर्श तथा अन्य सेवा शुल्कबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

६. गत आ.व. २०७६।७७ मा टेण्डर भई निर्माणाधिन अवस्थामा रहेका तर निर्माण सम्पन्न हुन नसकेका देहायका योजनाहरूको लागि देहायका फर्महरूको संझौता अवधि अन्तिम एक पटक २०७८ असार २० गतेसम्मका लागि म्याद थप गर्ने:

Scanned with CamScanner

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम | प्रतिनिधिको नाम | सम्झौता मिति |
|---|---|---|---|---|
| १ | Bheri/w2/2076/077 | कुदु रंगशाला निर्माण | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ |
| २ | Bheri/w3/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ |
| ३ | Bheri/w4/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ४ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ |
| ४ | Bheri/w6/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं.१० | New milan Nirman sewa Bheri municipality 10 Jajarkot | २०७६।११।०१ |
| ५ | Bheri/w8/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ८ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ |
| ६ | Bheri/w9/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १२ | sabin construction Bheri municipality 3 Jajarkot | २०७६।११।१६ |

७. यस नगरपालिका वडा नं. १३ निवासि कौशिला बस्नेतको २०७७।१२।३ गते हरियाली डाँगी सामुदायिक वनमा लागेको डढेलोबाट घरमा आगलागि भई टिनले छाएको घर, बाख्रा र गोरू समेत जलेर क्षति भई प्रहरी सर्जमिन मुचुल्का सहित राहतका लागि निवेदन पेश गरेकोमा रू २० हजार विपद् व्यवस्थापन कोषबाट राहत स्वरूप उपलब्ध गराउने ।

८. जिल्ला प्रशासन कार्यालयको मिति २०७८।१।२ गते, च.नं. २२३५ को अनुरोध पत्रानुसार जिल्ला प्रशासन कार्यालय परिसरभित्र बगैंचाको रेलिङ निर्माणका लागि रू ३ लाख स्वीकृत विनियोजन ऐन, २०७७ को राजश्व बाँडफाँड सेवा परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट उपलब्ध गराउने ।

९. आगामि आ.व. २०७८।७९ का लागि तपसिलका स्थानमा झो.पु. निर्माण गर्नका लागि ट्रायल ब्रीज सपोर्ट युनिट सुर्खेतमा अनुरोध गर्ने ।

क. पिपलखेत जुगेना झो.पु.वडा नं.३ र १ — ख. तिमिले घट्टेखोला झो.पु. वडा नं. २

ख. धाग्रे झो.पु. वडा नं. ५,६,७ — ग. झाल हाल्न झो.पु. वडा नं. ८

ग. भालु मारे झो.पु. वडा नं. ७ स्याउली — घ.दुले स्याँला झो.पु. वडा नं. १

१०. भूमि सम्बन्धि समस्या समाधान आयोगबाट लगत संकलन सम्बन्धि प्रकाशित सूचनाको म्याद २०७७।११।१३ मा समाप्त भएको र उक्त समयावधि भित्र निवेदन पेश गर्न केही व्यक्तिहरू छुट हुन गएको भन्ने गुनासो प्राप्त भएकोले छुट भएका निवेदन पेश गर्नको लागि कम्तिमा ७ दिनको म्याद थपका लागि भूमि सम्बन्धि समस्या समाधान आयोग जिल्ला तथा केन्द्रिय आयोगमा अनुरोध गर्ने ।

११. नगर खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने ।

१२. वडा नं. ३ को ठाँटी स्थित राष्ट्रिय अनुसन्धान कार्यालय अगाडी यस चालु बर्षको बर्षायाममा पहिरो गई सवारी आवागमन अवरूध्द भएकोमा तत्काल यातायात सुचारू गर्न जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार जाली भर्ने कार्य सम्पन्न भएको र प्रदेश पुर्वाधार विकास कार्यालयको मिति २०७७ साल



Scanned with CamScanner

चैत्र ११ गतेको पत्रानुसार प्राविधिक मूल्याँकन बमोजिम करिष्मा निर्माण सेवा, डाँडागाउँ ७ लाई भुक्तानी दिन बाँकी भएको रकम रू २,०५,०००।- स्वीकृत विनियोजन ऐन, २०७७ को राजश्व बाँडफाँड सेवा परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट भुक्तानी दिने ।

१३. नगर शिक्षा समितिको मिति २०७७।९।२७ र २०७७।१२।२३ गतेको निर्णय अनुमोदन गर्ने ।

१४. चालु आ.व. मा सामाजिक विकास कार्यालय जाजरकोट मार्फत खेलकुदका लागि कभर्ड हल वडा नं. ४ को रानागाउँ वि.पि. बाटीकामा निर्माण गर्ने ।

१५. वडा नं. २ को दारखोला स्ल्याब ब्रीज निर्माणमा अपुग भएको रू ८०,०००।- स्वीकृत विनियोजन ऐन, २०७७ को सेवा परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट बिनियोजन गर्ने ।

१६. छेडागाड न.पा. वडा नं. ५ निवासि श्री भरत बि.सि. अन्डर सेभेन्टीन अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि कर्णाली प्रदेशबाट छनौट भई बन्द प्रशिक्षणका लागि भारत जाने भएकोले यातायात खर्च स्वरूप रू ५० हजार विनियोजन ऐन, २०७७ को राजश्व बाँडफाँड कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने ।

१७. सुर्यज्योती आ.वि. मिथ्याङ्ग्रामा सोलार सिस्टम संचालनका लागि सोलार खरिद गरि हस्तान्तरण गर्न विनियोजन ऐन, २०७७ को राजश्व बाँडफाँड कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी लेख्ने ।

१८. तपसिलमा उल्लेखित योजनाहरूको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा DPR गर्न कार्यालयलाई निर्देशन दिने

| क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | सदरमुकाम बजार क्षेत्रभित्रको ढल व्यवस्थापन | DPR |
| २. | ढुंगा, गिट्टी, माटो तथा बालुवा बिक्रिका लागि (नगरपालिका क्षेत्रभित्र) | IEE |
| ३. | डाप्का कभर्ड हल निर्माण | IEE/ DPR |
| ४. | भूरचौर स्याउली सडक कालोपत्रे | IEE/ DPR |
| ५. | जगतिपुर बायूघट्ट देखि डाब्का कभर्ड हल वडा नं. ५ सम्मको सडक | IEE/ DPR |
| ६. | १३ वटै वडामा वडा कार्यालय भवन निर्माण | DPR |



Scanned with CamScanner